टोखा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः ०३ संख्याः ०३ मितिः असोज १०, २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ख) ले दिएको अधिकार प्रयोग गरी टोखा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## टोखा नगरपालिका सहकारी नियमावली, २०७६

टोखा नगरपालिका सहकारी ऐन, २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी नगर कार्यापालिकाले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम टोखा नगरपालिका सहकारी नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

## २. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा-

(क) 'ऐन' भन्नाले **टोखा** नगरपालिका सहकारी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख) 'संघीय ऐन' भन्नाले संघीय सरकारले जारी गरेको सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) 'प्रदेश ऐन' भन्नाले ३ नं. प्रदेश सरकारले जारी गरेको सहकारी ऐन, सम्झनु पर्छ ।

(घ) 'संघीय नियमावली' भन्नाले संघीय सरकारले जारी गरेको सहकारी नियमावली, २०७५ सम्झनु पर्छ ।

(ङ) 'प्रदेश नियमावली' भन्नाले ३ नं. प्रदेश सरकारले जारी गरेको सहकारी नियमावली सम्झनु पर्छ ।

(च) "कर्जा" भन्नाले चल अचल सम्पत्ति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको सावाँ, ब्याज र हर्जाना समेतको रकम सम्झनु पर्दछ ।

(छ) 'कर्जा असुली न्यायाधिकरण' भन्नाले संघीय ऐनको दफा ८२ र संघिय नियमावलीको नियम १ ४२ बोजिम गठित सहकारी कर्जा असुली न्यायाधिकरण सम्झनु पर्छ ।

(ज) 'व्यवस्थापक' भन्नाले संस्था वा संघको व्यवस्थापक सम्झनु पर्छ र सो शब्दले महाप्रवन्धक वा प्रमुख कार्यकारी अधिकृत समेतलाई जनाउनेछ ।

(झ) 'संस्थागत पुँजी' भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनु पर्छ ।

(ञ) 'कर्जा सूचना केन्द्र' भन्नाले संघीय नियमावलीको नियम ३७ बमोजिम स्थापित सहकारी कर्जा सूचना केन्द्र (विशिष्टीकृत संघ) सम्झनु पर्छ ।

(ट) 'बचत तथा कर्जा सुरक्षण कोष' भन्नाले संघीय ऐनको दफा १०१ र संघीय नियमावलीको नियम ६४ बमोजिम स्थापित सहकारी बचत तथा कर्जा सुरक्षण कोष (विशिष्टीकृत संघ) सम्झनु पर्छ ।

## ३. संस्थाको गठन :

(१) ऐनको दफा ३ बमोजिम संस्था गठन गर्दा देहायका शर्त ( बन्देजहरु) पुरा भएको हुनु पर्नेछ ।

(क) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरु मात्र सदस्य हुन सक्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा नगरपालिका भरी हुन सक्ने,

(ग) नगरपालिकामा एकै पेशागत संगठनको एकमात्र संस्था गठन गर्न सकिने,

(घ) पेशागत संगठनका आधारमा प्रारम्भिक संस्थामात्र गठन गर्न सकिने,

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनका साथै नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकाय वा कार्यालयको सिफारिस आवश्यक हुनेछ ।

(३) एउटै कार्यालयमा कार्यरत कर्मचारी, शिक्षक वा प्राध्यापकहरुको संस्था गठन गर्दा त्यस्तो कार्यलयमा कम्तीमा ३० जनाको स्थायी दरबन्दी स्वीकृत भएको हुनु पर्नेछ ।

(४) उप नियम (३) बमोजिम विश्व विद्यालय वा शैक्षिक संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन ।

(५) यस नियम बमोजिम गठन हुने कुनै एक मात्र संस्थामा सदस्यता लिन सकिनेछ ।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कार्यहर मात्र गर्न सक्नेछन ।

(क) सदस्यहरुबाट विनियममा तोकिएको मासिक बचत संकलन गर्ने, ।

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरुलाई ऋणको रुपमा परिचालन गर्ने,

(ग) सदस्यहरुको बौद्धिक विकास एवं कला साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

(७) यस नियम बमोजिम गठन हुने संस्था दर्ता सम्बन्धी व्यवस्था संघीय नियमावलीले तोके बमोजिम हुनेछ ।

## ४. संस्था दर्ताको दरखास्त दिनुपर्ने

(१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि ऐनको अनुसूची १ को ढाँचमा पेश गर्नुपर्नेछ ।

(२) उप नियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा ५ बमोजिमको प्रतिवेदन अनुसूचि १ को ढाँचमा पेश गर्नुपर्नेछ ।

(३) उप नियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा ५ मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण संलग्न गर्नुपर्नेछ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरु ,

(ख) अनुसूची ३ को ढाँचामा व्यवसायिक कार्ययोजना ,

(ग) अनुसूची ४ को ढाँचामा सदस्यबाट शेयर पुँजी तथा प्रवेश शुल्क वापत संकलित रकमको भर्पाई,

(घ) अनुसूची ५ को ढाँचामा तदर्थ संचालक समितिका सदस्यहरुको विवरण

(ङ) अनुसूची ६ को ढाँचामा स्व-घोषणा पत्र,

(च) अनुसूची ७ को ढाँचमा अधिकार प्रत्योजन पत्र,

(छ) अनुसूची ८ को ढाँचामा सदस्यता दर्ता किताव,

(ज) आवेदकहरु मध्ये सदस्यको श्रम वा सीपमा आधारित संस्थाको हकमा कम्तीमा १५ जना र अन्य संस्थाको

हकमा कम्तीमा बीस जनाले कम्तीमा एक दिवसीय दर्ता गर्ने अधिकारीले तोके बमोजिम पूर्व सहकारी शिक्षा प्राप्त गरेको प्रमाण,

(झ) आवेदकहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ञ) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याइ हुने प्रमाण,

(ट) आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार,

(ठ) दर्ता गर्ने अधिकारीले तोके बमोजिम अन्य विवरण ।

(४) उप नियम (१) बमोजिम संघ दर्ताका लागि दरखास्त दिंदा देहायका विवरण संलग्न गनुपर्नेछ :-

(क) उप नियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (घ) (ङ) र (च) मा उल्लिखित कागजात,

(ख) शेयर पुंजी तथा प्रवेश शुल्क वापत सदस्यहरुबाट संकलित रकम सम्बन्धित ब्यक्ति वा अधिकार प्राप्त ब्यक्तिको धरौटी खातामा जम्मा गरेको बैंक भौचर,

(ग) दर्ता गर्ने अधिकारीले तोके बमोजिमको अन्य विवरण,

## ५ बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड :

(१) संघीय नियमावलीको नियम ७ बमोजिम वडाको जनसंख्याका आधारमा प्रत्येक २ हजार जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ ।

(२) उप नियम (१) बमोजिम मापदण्ड भन्दा बढी भएका बचत तथा ऋण सहकारी संस्थाहरु ३ (**तिन**) वर्षभित्र संघीय नियमावलीको ३९ बमोजिम एकीकरण गरि सक्नु पर्नेछ ।

(३) बचत तथा ऋण सहकारी संस्थाको अन्य मापदण्ड संघीय ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## ६ संस्थाको कार्यक्षेत्रः

(१) ऐनको दफा ९ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) सीप, पेशा र प्रकृति समेतबाट संस्था गठन गर्न आवश्यक न्यूनतम संख्यामा सदस्यता विस्तार नै फराकिलो क्षेत्रमा भएको अवस्थामा बढीमा ३ वडासम्म,

(ख) उप नियम (३) को खण्ड (क), (ख) र (ग) बमोजिम विशेष व्यावसायिक आवश्यकताको आधारमा बढीमा ५ वडा सम्म ।

(ग) उप नियम (३) को खण्ड (घ) को अवस्थामा बढीमा २ वडासम्म,

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा दर्ताका लागि दरखास्त दिने आवेदकहरुको बसोबास नभएको भए त्यस्तो वडा कार्याक्षेत्रमा समावेश गरिने छैन ।

(३) ऐनको दफा ९ को उप दफा (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनु पर्नेछ ।

(क) उत्पादनको संकल, संचय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिंचाई, सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाई लागत, संचालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग सेमतबाट फैलाउ आवश्यक भएको, तर मौजुदा कार्यक्षेत्रको वडा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मुनासिव स्तर हासिल नभएसम्म कार्यक्षेत्र विस्तार गर्नु हुदैन ।

(४) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रकिया पुरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रक्रिया पुरा भएको ।

(५) यो नियमावली जारी हुनु पूर्व यस दफामा उल्लेख गरिएको  भन्दा वढी कार्यक्षेत्र भएका संस्थाको कार्यक्षेत्र यस नियमको अधिनमा रही यस दफा बमोजिम पुनः निर्धारण गर्न सकिनेछ ।

## ७. विषय परिवर्तन सम्बन्धी व्यवस्थाः

(१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो परिवर्तित व्यावसायिक आवश्यकताको आधारमा विषय परिवर्तन गर्न चाहेमा साधारणसभाको कुल कायम रहेको सदस्य संख्याको वहुमतबाट निर्णय भएको हुनुपर्नेछ ।

(२) उप नियम (१) बमोजिम विषय परिवर्तन गर्दा संघीय नियमावली अनुसार भएको हुनुपर्नेछ ।

## ८. संयुक्त रुपमा वा साझेदारीमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना संचालन :

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त रुपमा वा साझेदरीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोवार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछन् ।

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादनको मूल्य, श्रृंखला विकास, बजार पहुँच वा निर्यात प्रवन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, श्रोत परिचालन, संचालन विधि, सदस्यहरुको लोकतान्त्रिक प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरु प्रत्येकका साधारणसभाको कुल कायम रहेको सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्द्ध संस्थाहरु वीच कम्तिमा पाँच वर्षको करार बन्दोवस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानून बमोजिम नगरपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) को अधिनमा रही अन्तर सहकारी सहयोगको भावनाले आवश्यकता अनुसार एकै विषयगत वा फरक विषयगत वा विषयगत र बहुउद्देश्यीय संस्थाहर मिलि संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्न सक्नेछन ।

(३) उप नियम (१) बमोजिम कार्य पुरा गरी सम्बन्धित संघ/संस्थाहरुले तत् सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उप नियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँच बुझ गरी संयुक्त रपमा वा साझेदारीमा कारोवार, उद्योग वा व्यवसाय संचालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उप नियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोवार व्यवसाय, उद्योग वा परियोजनाले दर्ता गर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) यस नियममा उल्लेख नभएका संयुक्त रुपमा वा साझेदारीमा कारोवार, व्यवसाय उद्योग वा परियोजना सञ्चालनसम्बन्धी कुरामा संघीय नियमावली बमोजिम हुनेछ ।

## ९. उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार :

(१) संघीय ऐनको दफा २१ को उपदफा (८) बमोजिम संस्था वा संघले उत्पादन गरेका वस्तुहरको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार संघीय नियमावलीले तोके बमोजिम हुनेछ ।

## १०. सहकारी संस्थाको विनियम :

(१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची १३ मा उल्लेखित विषयहरु समावेश गर्नुपर्नेछ ।

(२) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्ने अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

## ११. संस्थाको सदस्यता :

(१) ऐनको दफा २० को उपदफा (२) बमोजिम संस्थाको कार्यक्षेत्र भित्रका सहकारी वा सामुदायिक विद्यालयका साथै देहाय बमोजिमका गुठी, स्थानीय क्लब, संघ/संस्था वा उपभोक्ता समूह संस्थाको सदस्य हुन सक्नेछन् ।

(क) गुठी संस्था ऐन, २०३३ को दफा २ को खण्ड (ग) को परिभाषामा पर्ने प्रचलित कानून बमोजिम दर्ता भएका गुठीहरु,

(ख) संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका गैर नाफा मूलक, गैर व्यावसायिक उत्पादन वा सेवा मूलक संघ/संस्था र क्लबहरु,

(ग) प्रचलित कानून वा नेपाल सरकार वा कार्यपालिकाबाट स्वीकृत निर्देशिका अन्तर्गत दर्ता भएका स्थायी प्रकृतिका वन, खानेपानी, सिंचाई, सफाई उपभोक्ता समूह, समितिहरु

(२) उप नियम (१) बमोजिम संस्थाको सदस्यता प्राप्त गर्ने विद्यालय, गुठी, संघ/संस्था, क्लब वा उपभोक्ता समूहहरुको दर्ता भएको ठेगाना वा कार्यालय संस्थाको कार्यक्षेत्र भित्रको वडा वा नगरपालिका भित्र हुनुपर्नेछ ।

(३) दर्ता गर्ने अधिकारीले यस नियम बमोजिम संस्थाको सदस्यता प्राप्तिका अन्य शर्त, आधार र प्रक्रिया तोकिदिन सक्नेछ ।

## १२. सदस्यताको समाप्ति :

(१) ऐनको दफा २३ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको व्यवस्था पालना गर्नुपर्नेछ :-

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा संचालक समितिले उप समिति बनाई छनविन गरी प्रतिवेद लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उप समितिले आफ्नो सफाई पेश गर्न मुनासिव माफिकको मौका दिएको हुनुपर्ने,

(घ) संचालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उप नियम (१) बमोजिम संचालक समितिको निर्णय चित्त नबुझेमा सम्बन्धित सदस्यले दर्ता गर्ने अधिकारी समक्ष उजुरी गर्न सक्नेछ तथा तत् सम्बन्धमा दर्ता गर्ने अधिकारीको निर्णय नै अन्तिम हुनेछ ।

(३) उप नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरुलाई यो नियमावली लागु भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरीत दाहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले ऐनको दफा २२ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा

सबभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ तथा सम्बन्धित संस्थाले ऐनले तोकेको म्यादभित्र सदस्यता कायम वा अन्त्य गर्नुपर्नेछ ।

**१३. साधारणसभोको बैठक :**

(१) साधारणसभाको बैठक आह्वान सूचना कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने गरी एस.एम.एस, एफ.एम रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय संचारको माध्यमबाट दिनु पर्नेछ ।

(२) साधारणसभाको बैठकमा सदस्यहरु स्वयं उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारणसभाको बैठकमा पेश गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिन अगावै यथाशक्य उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(४) साधारणसभाको बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित संचालकहरका साथै समितिको कुल सदस्य संख्या भन्दा कम्तीमा १ जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सही छाप गरी प्रमाणित गर्नु पर्दछ ।

(५) संघीय ऐनको दफा ४० को उपदफा (५) बमोजिम सदस्य संख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारणसभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायक पर्ने स्थानमा समान कार्यसूची राखेर साधारणसभा डाक्नु पर्दा प्रत्येक स्थानमा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितका लागि आह्वान गर्नु पर्दछ ।

(६) उप नियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र समितिका पदाधिकारीको जम्मा

संख्याको कम्तीमा दोब्बर संख्या पुग्ने गरी छनौट भएका सदस्यहरुले निर्णय प्रमाणित गर्नेछन् ।

**१४.संचालक समितिको बैठक :**

(१) संचालक समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठक वीचको अवधि साधारणतया पैतालिस दिनभन्दा बढी हुनेछैन ।

(३) उप नियम (२) को अवधिभित्र उप नियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(४) उप नियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत संचालक सदस्यहरु उपस्थित भई संचालक समितिको बैठक राख्न सक्नेछन् ।

(५) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत संचालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(६) समितिको बैठककोगणपुरक संख्या समितिको तत्काल कायम रहेको कुल **सदस्य** संख्याको बहुमत हुनेछ ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा संचालकहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

**१५. संचालक समितिको काम, कर्तव्य र अधिकार :**

ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्य संचालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनका साथै प्राप्त निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षणबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्य संचालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरुको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उप-समितिहरु गठन गर्ने,

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचार संहिता बनाई लागु गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरु गर्ने ।

## १६. तदर्थ समितिको गठन :

(१) ऐनको दफा ३६ को उपदफा (४) बमोजिम तदर्थ समिति गठन गर्दा समिति विघटन भएमा संस्थाको दैनिक कार्य संचालनार्थ देहाय बमोजिमका आधार लिनु पर्दछ :-

(क) संस्थाको सदस्य भएको हुनुपर्ने,

(ख) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ग) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने,

(घ) एकै परिवारका एकभन्दा बढी सदस्य हुन नहुने,

(ङ) साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो सदस्यको नजिकको नाता पर्ने सदस्य हुन नहुने ।

(२) उप नियम (१) बमोजिम तदर्थ समितिको पदाधिकारी वा सदस्य लगत्तै गठन हुने समिति वा लेखा सुपरिवेक्षण समितिको र्विाचनमा उम्मेदवार हुन पाउने छैन ।

## १७. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता :

ऐनको दफा ३७ को उपदफा (१) बमोजिम लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा ३ वर्ष पुरा भएको, तर प्रारम्भिक साधारणसभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो खण्ड लागु हुनेछैन ।

(ख) संस्थालाई तिर्नु बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको ।

(ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसंग सम्बन्धित कम्तिमा ७ दिन तालिम लिएको वा संस्था वा आयोजकको तर्फबाट खर्च व्यहोरिने तालिममा भाग लिन मन्जुर गरेको ।

(घ) उप नियम क बमोजिम समितिमा सम्भव भएसम्म १ जना महिला राख्न ुपर्ने छ ।

## १८. बचत तथा ऋृण संस्थामा रुपान्तरित हुनुपर्ने :

ऐनको दफा ३९ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम निर्धारित समयभित्र बचत तथा ऋृणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका वखतमा उल्लेख गरिएको मुख्य कारोवार नगर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले बचत तथा ऋृणको मुख्य कारोवार गरिरहेको भए निर्धारित समयभित्र बचत

तथा ऋणको विषयगत संस्थामा नियम ७ बमोजिम रुपान्तरित हुन सक्नेछ ।

**१९. उद्देश्य विपरीत कार्य गरेको मानिने :**

(१) बचत तथा ऋणको मुख्य कारोवार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोवार नहुने गरि दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार नगरेको खण्डमा वा नियम २३ बमोजिम बचत तथा ऋणको विषयगत संस्थामा रुपान्तरित नभएको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा (३) को खण्ड (ग) को प्रयोजनार्थ उद्देश्य विपरीत कार्य गरेको मानिनेछ ।

**२०. सन्दर्भ ब्याजदरको आधार र प्रक्रिया :**

ऐनको दफा ४० बमोजिम सन्दर्भ ब्याजदर निर्धारण आधार संघीय ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**२१. सदस्यको रकम फिर्ता :**

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ :-

(क) निजको शेयरको अंकित मूल्य बरावरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश वापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता वापतको रकम ।

**२२. संरक्षित पुँजी फिर्ता कोषको वितरणका आधार :**

(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोवारको आधार लिनु पर्नेछ :-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई विक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले लिएको ऋणमा तिरेको ब्याज र अन्य उपभोक्त संस्थामा सदस्यले संस्थासंग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(ग) श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(घ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लेखित आधार ।

(१) उप नियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिए भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामगी विक्री गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उप नियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्ता ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।

(४) संरक्षित पुँजी फिर्ता कोषको रकम संस्थाले सदस्इ सरहको अवस्थाका गैर सदस्यसंग कुनै कारोवार गरेको रहेछ भने त्यस्तो गैर सदस्यलाई समेत फिर्ता दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कारोवार गरेको गैर सदस्इसंग सम्पकृ हुन नसकेको अवस्थामा त्यस्तो गैर सदस्यले प्राप्त गर्ने रकम संस्थको जगेडा कोष सार्नुपर्नेछ ।

(६) गत आर्थिक वर्षको कारोवारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

(७) उप नियम (६) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

(८) संरक्षित पुँजी फिर्ता सम्बन्धी अन्य व्यवस्था संघीय नियमावली बमोजिम हुनेछ ।

**२३. सहकारी प्रवर्द्धन कोष :**

(१) ऐनको दफा ४९ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्था संघीय ऐन र नियमावली बमोजिम हुनेछ ।

**२४. अन्य कोष सम्बन्धी व्यवस्था :**

(१) ऐनको दफा ५० बमोजिम सहकारी संस्थाको कुनै वर्षकोखुद बचतको रकमबाट ऐनको दफा ४७ बमोजिम कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोबाट ऐनको दफा ४८ बमोजिम कम्तीमा २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोष र ऐनको दफा ४९ बमोजिम शुन्य दशमलब पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्टयार बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषको सम्बन्धमा संघीय नियमावली अनुसार हुनेछ ।

(क) सहकारी शिक्षा कोष

(ख) शेयर लाभांश कोष

(ग) कर्मचारी बोनस कोष

(घ) सहकारी विकास कोष

(ङ) घाटापूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) साधारणसभाले स्वीकृत गरेको स्थिरीकरण वा अन्य जोखिम व्यवस्था कोष

(ज) सदस्य हित कोष

## २५. अभिलेख :

(१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेखका साथै आफूले गरेको कारोवारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान तथा ढाँचा अनुसार राख्नु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम अभिलेखीकरण तथा लेखापालन गर्दा अन्य कुराका अतिरिक्त देहायका किताव, खातावही तथा विवरण समेत राख्नु पर्नेछ :-

(क) अनुसूची ८ बमोजिमको **सदस्यता** दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, साधारणसभा, विशेष साधारणसभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरुका बैठकहरुको छुट्टाछुट्टै कारवाही किताब,

(ग) नगदी वही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा नियकासंग कारोवार गरेको भए त्यस्तो कारोवार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण किताब,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरु,

(ञ) दर्ता गर्ने अधिकारीले तोकेको ढाँचा बमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण पत्र,

(ट) समय-समयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु,

(३) रु. ५ करोडभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उप नियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा दर्ता गर्ने अधिकारीलेतोके बमोजिमको निर्धारक पुरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका ( एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवार विवरण दर्ता गर्ने अधिकारीले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मनिने छैन ।

(५) सहकारी संस्थाले आधाभूत अभिलेख तथा कारोवारको हिसाबकिताब पृष्ठ सुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ ।

## २६. छुट सुविधा र सहुलियत प्राप्ति :

(१) ऐनको दफा ५७ को उपदफा (१) बमोजिम छुट सुविधा तथा सहुलियतको प्राप्ति कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) ऐनका दफा ५७ को उपदफा (२) र (३) बमोजिम देहाय बमोजिम देहायका सहकारी संस्थालाई छुट सुविधा तथा सहुलियत उपलब्ध हुनेछ ।

(क) एकिकरण भई कायम हुने सहकारी संस्थालई नगरापलिकालाई तिर्न बुझाउनु पर्ने दस्तुर ५ वर्ष सम्म सत प्रतिशत छुट हुनेछ ।

(ख) उपभोक्ता सहकारी संस्थालाई लाग्ने करमा ५ प्रतिशत छुट हुनेछ ।

(ग) श्रमिक सहकारी संस्थालाई **ऐन** जारी भएको ५ वर्ष सम्म नगरपालिकालाई बुझाउनु पर्ने कर दस्तुर शुल्क वा महशुल १०० प्रतिशत छुट हुनेछ ।

## २७. ऋण तथा बाँकी बक्यौता असुली :

(१) ऐनको दफा ५८ को बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम असुल उपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) बाँकी बक्यौता तिर्नु बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद वाहेक पैतीस दिनभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा रकम तिरी बुझाइसकेको भए त्यसको प्रमाण पेस गर्न आउनु भनी पुर्जी पठाउनु पर्छ ।

(ख) खण्ड (क) बमोजिम म्याद पुर्जी जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइ सकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्री गर्ने सूचना प्रकाशित गर्नुपर्छ ।

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्छ ।

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम विक्रीको सूचना प्रकाशित गर्नुपर्दा धितको विवरण, निजले बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैतिस दिनभित्र लिलाम विक्री गरी सावाँ ब्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना संस्थाको

कार्यालय, शाखा, सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस गर्नुका साथै सम्बन्धित व्यक्तिलाई बुझाई वा बुझ्न नमानेको खण्डमा निजको घरद्वारमा टाँस गरी राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गर्नुपर्छ।

(ङ) धितो लिलाम गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्छ तर लिलाम विक्री ुहने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नुपर्छ।

(च) धितो लिलाम विक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको सम्बन्धित वडाको जनप्रतिनिधी, वडा कार्यालयको प्रतिनिधी कर्मचारी, मापोत कार्यालय वा नगरपालिकाको पालपोत हेर्न कर्मचारी, सम्बन्धित विषयका प्रविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ सुरु गर्नपर्छ तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरु मध्ये सबैभन्दा बढी डाँक बोलने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृत गर्नुपर्छ ।

(छ) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्याविधिमा तोकिए बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सहीछाप गराउनुपर्छ।

(२) उप नियम (१) **बमोजिम** लिलाम विक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्री हुने ठाउँ नजिक

कुनै सरकारी कार्यालय भए सो कार्यालय र सम्बन्धित वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखित रुपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधी खटी नआएमा उपस्थित प्रतिनिधी र वडा कार्यालयका प्रतिनिधीलाई साक्षी राखी लिलाम विक्री गर्नुपर्नेछ ।

(४) जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम विक्री गरिने हो सो व्यक्तिलाई लिलाम विक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ । तर त्यसरी लिलाम विक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।

**२८. लिलाम विक्री स्थगित गर्न सक्ने :**

लिलाम विक्रीको सूचना प्रकाशित भइ सकेपछि मुनासिब माफिकको कुनै कारण परी सो लिलाम विक्री स्थागित गर्नुपर्ने देखिएमा लिलाम विक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम विक्री केही समयका लागि स्थागित गर्न सक्नेछ ।

**२९. असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्ने :**

(१) धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा आएको रकमबाट सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा ऐन तथा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २७ को कार्यविधि अपनाई लिलाम विक्री गरी असुल उपर गर्नुपर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम विक्री गरी सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ ।

(३) उप नियम (१) र (२) बमोजिम लिलाम विक्री गर्दा लिलाम विक्री हुने दिनसम्मको सावाँ, ब्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

## ३०. **लिलाम विक्री गर्न नहुने** :

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय ऐनको दफा १३५ मा उल्लेखित संस्थाको घर, जग्गा नेपाल सरकारको स्वीकृति विना लिलाम विक्री गर्नु हुदैन । तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता वापत धितो लिएको वा संस्था आफैले धितो सकार गरेको घर, जग्गा यस नियमावली बमोजिम लिलाम विक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन ।

## ३१. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने:**

(१) लिलाम विक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन धरौटीको रुपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारको मितिले सात दिनभित्र बुझाइसक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने वयहोरा कागज गराई राख्नुपर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले यस नियम बमोजिम सकारे गरेको पुरा मूल्य बुझाएकामा निजको नाउँमा सो जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा

दाखिल खारेज समेत गरिदिनका लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**३२. लिलाम विक्री नभएमा जायजेथा संस्थाको स्वामित्वमा रहने :**

नियम २७ र ३० बमोजिम लिलाम विक्री गर्नुपर्ने जायजेथा लिलाम विक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार राजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनु पर्नेछ ।

**३३. जायजेथा फिर्ता दिनुपर्ने :**

नियम ३२ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्याले आफूले तिर्नु बुझाउनु पर्ने सावाँ र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासंग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिना चाहेमा फिर्ता दिनुपर्नेछ ।

**३४. कर्जा सूचना केन्द्र :**

कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय नियमावली बमोजिम हुनेछ ।

**३५. कालो सूची सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा ५९ बमोजिम कालो सूची सम्बन्धी व्यवस्था संघीय नियमावली बमोजिम हुनेछ ।

**३६. सहकारी संस्थाको एकिकरण :**

ऐनको दफा ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकिकरण गर्दा देहायका शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कासंग दोहोरिएको हुनुपर्ने,

(ख) सदस्यहरु बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने ।

(२) उपयिनम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा नगरपालिकाको क्षेत्रभित्र पर्ने गरी गरिनेछ ।

(३) महिला मात्र सदस्य रहने संस्था महिला मात्र सदस्य रहने संस्थामा एकीकरण गर्नुपर्नेछ तथा विशेष रुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन ।

(४) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया संघीय नियमावली बमोजिम हुनेछ ।

**३७. सहकारी संस्थाको विभाजन :**

(१) ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र स्थानीय तहको एक वडा भन्दा बढी भएको,

(ख) विभागजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य संचालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको ।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय नियमावलीको नियम ४० बमोजिम रुपमान्तरण हुने संस्थाको मौजुदा कारोवारको प्रकृति अनुसार नियम ९ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक

फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ ।

(३) दर्ता गर्ने अधिकारीले सहकारी संस्थाहरुको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित संघको राय लिन सक्नेछ ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया संघीय नियमावली बमोजिम हुनेछ ।

**३८. पूर्व सहमति लिनुपर्ने :**

नियम ३६ वा ३७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको निकाय, बैंक, वित्तीय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारको उल्लेखनीय सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमति लिनु पर्नेछ ।

**३९. कर्जा असुलीका लागि उजुरी निवेदन सम्बन्धी प्रक्रिया :**

(१) सहकारी संस्थाले आफूले असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्न नसकेको खण्डमा असुल उपर गराइ पाउन संघीय ऐन तथा नियमावली बमोजिम गठन हुने न्यायधिकरण समक्ष न्यायधिकरणको कार्य विधिमा तोकिएको ढाँचामा उजुरी निवेदन दिनुपेर्नछ ।

(२) उप नियम (१) बमोजिम निवेदन दिंदा सम्बन्धित सहकारी संस्थाले दाबी गरेको रकमको ०.२५ प्रतिशतले हुने आउने रकम समेत कर्जा असुली शुल्क वापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेछ ।

(३) उप नियम (१) बमोजिमको निवेदन कर्जाले भाखा नाघेको एक वर्षपछि चार वर्षभित्र दिनुपर्नेछ । तर यो नियमवली प्रारम्भ हुनु अघि पाँच वर्षभन्दा बढी अवधि भाखा नाघेको कर्जाका हकमा यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र निवेदन दिन सकिनेछ ।

## ४०. पुनरावेदन सम्बन्धी व्यवस्था :

कर्जा असुली न्यायाधिकरणले गरेको निर्णय उपर पुनरावेदनसम्बन्धी व्यवस्था सङ्घीय ऐन तथा नियमावली बमोजिम हुनेछ ।

(२) उप नियम (१) बमोजिम पुनरावेदन गर्दा कर्जा असुली न्यायाधिकरणले गरेको निर्णय बमोजिम असुल उपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटी वापत नगदै जम्मा गर्नुपर्नेछ ।

## ४१. जमानत दिने व्यक्तिको दायित्व :

(१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सिमित रहनेछ ।

(२) प्रचलित कानूनको अधिनमा रही उप नियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिनेछ ।

## ४२. लिक्वीडेटर नियुक्ति :

ऐनको दफा ६७ को उपदफा (२) बमोजिम रु. ५० लाखसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफू मातहतका अधिकृत कर्मचारीलाई लिक्वीडेटर नियुक्त गर्न सक्नेछ ।

## ४३. लिक्वीडेटरको काम, कर्तव्य र अधिकार :

(१) ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम, कर्तव्य र अधिकारी देहाय बमोजिम हुनेछ :-

(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो संस्थाका बहालवाला वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाकी रकम नियम

२७ र ३० को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासंग कुनै साहुको कुनै रकम बाँकी लागि राखेको रहेछ र सो संस्थाको हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लगेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरु मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था वा संघ विघटन गर्ने सिलसिलामा संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाले गरेको वा संस्था विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्षबीचमा मिलापत्र गराउने ।

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरको बैठक बोलाउने ।

(छ) संस्थाको खाताबही, काजजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति बेच विखन गर्ने ।

(झ) सरोकारवालाहरुसंग समेतको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उप नियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरु र संस्थाको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराई सोधपुछ गर्न संस्था गठन हुँदा बखतका सदस्यसँग सक्नेछ ।

## ४४. लिक्वीडेटर नियन्त्रण गर्ने दर्ता गर्ने अधिकारीको अधिकार :

नियम ४३ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता गर्ने अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ ।

(क) निर्देशन विपरीत लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खाताही, काजगात, लिखत र जायजेथाहरु पेश गराउन,

(ग) नियम ४३ बमोजिको लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद-बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) नियम ४३ को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरिदिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

## ४५. दायित्व भुक्तानी :

(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्थाको कोषबाट देहाय बमोजिमको प्रथामिकता क्रम अनुसार दहायमा लेखिएका कामका लागि खर्च गर्न सकिनेछ :-

(क) विघटनको कामको निमित्त भएका खर्चहरु पछ्यौंट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन

(घ) ऋृण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन

(च) शेयर पुँजी फिर्ता दिन

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश वितरण गर्न सकिने छ ।

(२) कुनै संस्था वा संघको विघटनको काम समाप्त भइसकेपछि पनि सो संस्थाको कुनै साहुले वितरणको योजना अनुसार पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको निमित्त दाबी गरि सक्नु पर्नेछ तथा सो म्याद नाघेपछि परेको दाबीउपर कुनै कारवाही हुनेछैन ।

## ४६. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग :

(१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात नियम ४५ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति नगरपालिकाको नजिकको सोही प्रकृतिको संस्था वा विघटित संस्था सदस्य रहेको सङ्घमा  हस्तान्तरण हुनेछ ।

(२) उप नियम (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले विघटित संस्थाको सम्पूर्ण दायित्व फरफारक गरी रहेको कोषको रकम नगरपालिकामा सहकारी क्षेत्रको प्राविधिक विकासमा र सहकारी अन्दोलनलाई योगदान पुऱ्याउने कुनै निकाय वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसंग सम्बन्धित गैर नाफामूलक समुदयमा आधारित संस्थालाई हस्तान्तरण गर्न सक्नेछ  ।

## ४७. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकारः

ऐनको दफा ७० बमोजिम दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेका दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाण पत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधीनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमित रुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरुको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने लगाउने,

(ङ) सहकारी संस्थाहरुको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न महिला, अपाङ्गता भएका व्यक्ति बरोजगार श्रमिक र दलित तथा अल्पसंख्याक जनजाति समेतका सीमान्तकृत समूहको सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगरीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय र अन्तर सहकारी कारोबारका आयोजनाहरुलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा संचालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरुको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) संघीय ऐन तथा नियमावली, प्रदेश ऐन तथा नियमावली र यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाइ ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

(ड) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा कार्यपालिकाबाट प्रापत निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**४८. बचत तथा कर्जा संरक्षण कोषः**

बचत तथा कर्जा संरक्षण कोषको गठन र संचानल सम्बन्धी व्यवस्था संघीय ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**४९. संयुक्त रुपमा सघन अनुगमन गर्न सकिने :**

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋृणको कारोवार गर्ने सहकारी संस्थाको हकमा संघीय नियमावली बमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैंक, संघीय विभाग, प्रदेश सरकार र नगरपालिकाको सहकारी विभागको संयुक्त टोली बनाई संयुक्त रुपमा सघन अनुगमन गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

**५०. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले रु. ५ करोड वा सोभन्दा बढी रकमको बचत दायित्व भए ६ महिनाभित्र र सो भन्दा घटी रकमको बचत दायित्व भए १ वर्षभित्र दर्ता गर्ने अधिकारीले तोकेबमोजिमको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भइसक्नु पर्नेछ ।

(२) उप नियम (१) बमोजिमका संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्र लगायतमा दर्ता गर्ने अधिकारीले तोकेका मानकहरुको पालना गर्नुपर्नेछ ।

(३) उप नियम (२) बमोजिम तोकिएका मानकहरुको पालना अवस्थाको उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल आवश्यक निर्देशन दिनेछ ।

(४) दर्ता गर्ने अधिकारीले रु. १ कारोडभन्दा बढी बचत दायित्व भएका संस्थाहरुको नियमित अनुगमन र रु. ५ करोडभन्दा बढी बचत दायित्व भएका संस्गाथाहरुको सघन अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर यसमा लेखिएको कुनै कुराले अन्य संस्थाहरुको नियमित वा सघन अनुगमन गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(५) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था संघीय मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

## ५१. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण :

ऐनको दफा ७४ को उपदफा (२) को खण्ड ण) बमोजिम दर्ता गर्ने अधिकारीले पशे गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरु कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

**५२. स्थिरीकरण कोष :**

ऐनको दफा ७६ बमोजिम स्थिरीकरण कोष स्थापना र संचालन सम्बन्धी व्यवस्था संघीय नियमावली बमोजिम हुनेछ ।

**५३. सहकारी शैक्षिक क्रियाकलाप :**

(१) टोखा नगरपालिकाले ऐनको दफा ९२ र ९९ बमोजिम सहकारी शिक्षा तथा शैक्षिक क्रियाकलाप संचालन गर्नेछ ।

(२) टोखा नगरपालिका क्षेत्रमा संचालित आधारभूत तहाको विद्यालयको पाठ्यक्रममा ५० पूर्णाङ्क सम्म भएको सहकारीता विषयक पाठ्यक्रम समावेश गर्न सकिनेछ ।

(३) सहकारी शिक्षा तथा प्रशिक्षणलाई ढंगले संचालन गरी कुशल नेतृत्व र  दक्ष जनशक्ति उत्पादन गर्न सहकारी प्रशिक्षालर्य स्थापना र संचालन गरिनेछ ।

**५४. अन्तर सहकारी  कारोबार :**

(१) ऐनको दफा ९४ बमोजिम अन्तर सहकारी  कारोवार गर्दा संलग्न संस्थाहरुको विनियम निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) अन्तर सहकारी कारोवारमा संलग्न विभिन्न संस्थाहरुको आफ्ना सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था ( लिड को-अपरेटिभ) को आवधारणाबाट कुनै एक संस्था मार्फत संकलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना संचालन गर्न सक्नेछन् ।

(३) बचत तथा ऋण सम्बन्धी अन्तर सहकारी कारोवारको हकमा सम्बद्ध सहकारी संस्थाहरुले संघीय मन्त्रालयले तोकेको मानदण्ड पालना गर्नुपर्नेछ ।

(४) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था **कार्यपालिकाले स्वीकृत गरेको कार्यविधी** बमोजिम हुनेछ ।

**५५. प्रोत्साहन गर्ने व्यवस्था :**

(१) ऐनको उद्देश्य बमोजिम कार्यपालिकाले सहकारी क्षेत्रको प्रविधि विकासमा योगदान पुऱ्याउने व्यक्ति, सहकारी संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार वा दुवै गरी सम्मान वा पुरस्कृत गर्न सक्नेछ।

(२) उप नियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा कार्यापालिकाले व्यक्ति, सहकारी संस्था वा निकायहरुका लागि छुट्टाछुट्टै आधारहरु तय गरी स्वीकृत गर्नेछ।

(३) उप नियम (१) बमोजिम प्रोत्साहनयोग्य व्यक्ति, सहकारी संस्था वा निकायको छनौट गर्न देहायको समिति रहनेछ :

(क) नगर प्रमुख
संयोजक

(ख) नगर उपप्रमुख
सदस्य

(ग) दर्ता गर्ने अधिकारी
सदस्य

(घ आर्थिक विकास समितिको संयोजक
सदस्य

(ङ) सहकारी **विभाग** प्रमुख
सदस्य सचिव

**५६. सूचीकरण गर्नुपर्ने :**

(१) यस नियमावलीमा अन्यत्र जुसुकै कुरा लेखिएको भए तापनि संघ वा प्रदेशको नियमन क्षेत्रधिकार अन्तर्गत रहेको सहकारी संस्थाले नगरपालिका कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा संचालन गर्दा **नगरपालिकाको सहकारी शाखामा** सूचिकृत हुनुपर्नेछ।

(२) उप नियम (१) बमोजिम सूचिकरणको प्रकृया दर्ता गर्ने अधिकारीले तोके बमोजिम हुनेछ।

(३) यस नियम बमोजिम सुचिकरण भएका सहकारी संस्थाहरुको विवरण प्रदेश सरकार वा सङ्घीय विभागमा पठाउनु पर्नेछ ।

**५७. अनुसूची थपघट वा हेरफेर गर्न सक्ने :**
कार्य पालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरुमा आवश्यक
थपघट वा हेरफेर गर्न सक्नेछ ।

**५८. संघीय तथा प्रदेश नियमावली बमोजि हुने :**
यस नियमावलीमा उल्लेख नभएका विषयमा संघीय तथा प्रदेश नियमावली बमोजिम हुनेछ ।

**५९.** संघीय ऐन, नियमावली तथा प्रदेश नं ३ को ऐन , नियमावलीसँग यस नियमावलीमा लेखिएका कुराहरु बाझिएको हदसम्म स्वतः अमान्य भई संघीय तथा प्रादेशिक नियमावली बमोजिम नै हुनेछ ।

**६०. विनियम, मापदण्ड र निर्देशिका बनाउने अधिकार :**
ऐन तथा यस नियमावलीको उद्देश्य कार्यान्वयनको लागि कार्यापालिकाले आवश्यक विनियम, मापडण्ड र निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

अनुसूची १

अनुसूची १
(परिच्छेद ९ को दफा ४ संग सम्बन्धित)
टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।

मिति : २०...

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरू र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी छौं।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

# अनुसूची २

अनुसूची २
(परिच्छेद २ को दफा ६ संग सम्बन्धित)
टोखा नगरपालिका
टोखा नगर कार्यपालिकाको कार्याल
मैजुहिटी, काठमाण्डौं
३ नं. प्रदेश, नेपाल
२०७३

## सहकारी दर्ता प्रमाण-पत्र

दर्ता नं. :

टोखा नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६ बमोजिम
... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको सहकारी
स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

सहकारी संस्थाको नाम : ...............................................
ठेगाना : .........................................
कार्यक्षेत्र : .........................................
वर्गीकरण : ... ... ... ... ... ... ... ...

प्रम

दर्ता गरेको मिति :

प्रमाणीकरण मिति : २०७५/०२/२४

प्रमुख

## अनुसूची ३
## व्यावसायिक कार्ययोजनाको ढाँचा
(नियम ४ को उप नियम (३) को खण्ड (ख) संग सम्बन्धित)

संस्थाको नाम :- ... ... ... ... ... ... ... ... ...

ठेगाना :-... ... ... ... ... ... ... ... ...

क. उद्देश्य :-

१. ............... ................ ................ ................. ..............

२. ............... ................ ................ ................. ..............

३. ............... ................ ................ ................. ....... .......

ख. कार्यहरू :-

१. ............... ................ ................ ................. ..............

२. ............... ................ ................ ................. ..............

३. ............... ................ ................ ................. ..............

४. ............... ................ ................ ................. ..............

५. ............... ................ ................ ................. ..............

६. ............... ................ ................ ................. ..............

ग. आगामी ३ वर्षपछिको अवस्था प्रक्षेपण

ग-१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य | | | | |

| | | | | |
|---|---|---|---|---|
| संख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| जम्मा सदस्यमा दलित | | | | |

ग-२. व्यावसायिक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य संख्या | | | | |
| परिमाण (... ...) | | | | |
| लाभान्वित हुने सदस्य ( जना) | | | | |
| सदस्य संस्थालाई वस्तु वा सेवा विक्री | | | | |
| परिमाण (... ...) | | | | |
| रकम (रु.) | | | | |
| लाभान्वित हुने सदस्य ( जना) | | | | |
| सदस्य संस्थाका सदस्यलाई रोजगारीको अवसर सृजना<br>✓ प्रत्यक्ष, पूर्णकालीन ( जना)<br>✓ अप्रत्यक्ष पूर्णकालिन (वर्षमा २,०८० घण्टको १ जनको हिसाबमा जम्मा जना) | | | | |
| सदस्य संस्थाको सदस्यलाई ऋृण सेवा ( वार्षिक) | | | | |

| | | | | |
|---|---|---|---|---|
| ✓ रकम (रु.)<br>✓ रकम (रु.)<br>✓ जना | | | | |
| ✓ सदस्य संस्थाका सदस्यलाई बचत सेवा (मौज्दात)<br>✓ रकम (रु.)<br>✓ जना | | | | |

## ग-३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |
| सामुदायिक विकासका योजनाहरु संचालन | | | | |

## घ. पुँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थीर पुँजीतर्फा (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदी) | | | | |
| चालु पुँजीतर्फ (मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदी) | | | | |
| ऋृण लगानी तर्फ | | | | |
| जम्मा | | | | |

| | | | | |
|---|---|---|---|---|
| श्रोत | | | | |
| शेयर पुँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य (...........) | | | | |
| सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |

## ङ कार्यान्वयन जिम्मेवारी बाँडफाँड

### ङ-क. सञ्चालक समितिको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

### ङ-२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

### ङ-३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

### ङ-४. व्यवस्थापन कर्मचारीहरूको जिम्मेवारी

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. ... ... ... ... ... ... ... ... ...

. … … … … … … … … …

. … … … … … … … … …

ङ-५. प्रत्येक सदस्यको जिम्मेवारी

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

च. कार्ययोजनाबाट सदस्यहरूको जीवनमा पर्ने प्रभावका सूचकहरू

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदे ही स्थापना विधि

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

. … … … … … … … … …

अनुसूची ४

भर्पाइको ढाँचा

(नियम ४ को उप नियम (३) को खण्ड (ग) संग सम्बन्धित)

भर्पाई दादै प्रस्तावित ..................... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ....................... श्री ........................ आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको............प्रारम्भिक भेलाको मिति...................को निर्णय बमोजिम प्रतिसेयर रु...........। - का दरले............... जनाबाट जम्मा .................... कित्ताको हुन आउने जम्मा रकम रु. ............................ (अक्षरे पि रुपैयाँ............................ मात्र) र प्रवेश शुल्क व्यक्ति रु. .........।- का दरले हुन आउने रु. ................।- ( अक्षरुपी............................मात्र) गरी जम्मा रु. ................।- (अक्षरुपी............................ मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ् क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाई मा सहीछाप गरी ......... नगरपालिकामा पेस गरेको छु । प्राप्त रकम हाल मेरो .................... मा रहेको ...........हिसाब नं . ...................... मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुनबमोजिम कारबाई भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०...... साल ........ महिना .... गते रोज ....शुभम् ।

# अनुसूची-५

## तदर्थ  सञ्चालक समितिका सदस्यहरूको विवरण फारामको ढाँचा

## नियम ४ को उप नियम (३) को खण्ड (घ) संग सम्बन्धित)

| सि .नं | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | संचालकको नाम थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहने अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

## अनुसूची ६

## स्व-घोषणा-पत्रको ढाँचा

(नियम ४ को उपनियम (३) को खण्ड (ङ) संग सम्बन्धित)

प्रस्तावित श्री ... ... ... ... ... ...सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिलबमोजिमका आवेदकहरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं :

हामी आवेदकहरू कोही पनि–

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौ,
- बैंक, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानुनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ,
- यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाईमा परेका वा फरार रहेका व्यक्ति हैनौ,
- सम्पत्ति शु द्धीकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौ र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुनबमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्ने –

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र | सहीछाप |
|---|---|---|---|---|

| | | | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूची ७

अधिकार प्रत्यायोजनको ढाँचा

(नियम ४ को उप नियम (३) को खण्ड (च) संग सम्बन्धित)

मिति : २०...।...।...

श्री दर्ता गर्ने अधिकारी ज्यू !
टोखा नगरपालिका,
सहकारी शाखा,
टोखा, काठमाडौं ।

विषय :- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्था लि. को मिति २०...।...।... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ... ... ... ... श्री ... ... ... ... , ... ... श्री ... ... ... र ... ... ... श्री ... ... ... ... ... ...समेतलाई अधिकार प्रत्यायोजन गरिएको ब्यहोरा अनुरोध गर्दछौं । निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम, थर | ठेगाना | पद | दस्तखत नमूना |
|---|---|---|---|
| १. श्री ......................... | | | |
| २. श्री ......................... | | | |

| | | | |
|---|---|---|---|
| ३. श्री ........................... | | | |

द्रष्टव्य : अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समेवेश गर्नुपर्ने ।

# अनुसूची ८
## नियम ४ को उपनियम ३ को खण्ड छ सँग सम्बन्धित
## सदस्यता दर्ता किताव

मिति.......।....।

आवेदक सदस्यहरु

| सि.नं | नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रस्टब्य : सदस्यहरु सबैको तिनपुस्ते विवरण समावेश गर्नु पर्नेछ ।

## अनुसूची-१३
### (नियम १० को उप नियम (१) संग सम्बन्धित)
### विनियममा उल्लेख गर्नुपर्ने विषयहरु

प्रस्तावना

१. संक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताका लागि निवेदन र प्राप्ति

१०. सदस्यताको अन्त्य

११. सदस्यताको निष्कासन

१२. सदस्यताबाट राजीनामा

१३. पुनः सदस्यता

१४. सदस्यको काम, कर्तव्य र अधिकार

१५. सदस्यता खुला रहने

१६. सदस्इता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्ने,

१७. शेयर पुँजी

१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने

१९. थप शेयर खरिद गर्न सक्ने

२०. शेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृत्रिम छेकवार नलागइने

२३. शेयर प्रमाण पत्र

२४. सदस्यको दायित्व समिति हुने

२५. प्रारम्भिक साधारणसभा

२७. विशेष साधारणसभा

२८. साधारणसभाको बैठक

२९. साधारणसभाको काम, कर्तव्य र अधिकार
३०. साधारणसभाको निर्णय अनिवार्य हुने
३१ गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यहरु
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था
३४. संचालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व श्रृंखला
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवा शर्त
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पुँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत संकलन गर्न सक्ने/नसक्ने
५२. बचत संकलन सीमा
५३. ऋृण दिन सक्ने
५४. ऋृण प्रवाहमा सीमा
५५. ऋृण बाहेको प्रयोजनमा बचतको रकम लगाउन नहुने

५६. साधारणसभाको स्वीकृति लिनुपर्ने

५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिवन्ध
५९. कर्मचारीको कारोवारमा निर्वन्धन
६०. जोखिम मूल्यंकन
६१. कारोवार नगरिने
६२. कारोवारको लेखा
६३. खातावही
६४. आन्तरिक हिसाब जाँच
६५. वार्षिक हिसाब जाँच
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आबद्धता
६९. रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन
७०. वित्तीय जाकारी एकाईमा प्रतिवेदन
७१. साधारसभामा जानकारी गराउनुपर्ने
७२. हकवालाको मनोनय
७३. हक दावी वा नामसारी
७४. निर्वाचन
७५. सपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता
७९. समानता र समता
८०. विनियम संशोधन
८२. साधारणसभाले कार्यविधि बनाउन सक्ने
८३. व्याख्या गर्ने अधिकार
८४. ऐन नियमावलीसंग बाझिएकोमा अमान्य हुने

## सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा
(नियम ४ को उपनियम (२) संग सम्बन्धित)

१. परिचय

२. संस्था गठन गर्नु पर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

  ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

  ५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरू

  ५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण

६. पुँजी आवश्यकता र स्रोत

  ६.१ आवश्यकताको अनुमान

  ६.२ स्रोत

  ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरू

७. बजार विश्लेषण

  ७.१ नजिकको बजार

  ७.२ टाढाको बजार

  ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू ।

# आवेदकहरुको विवरण फारामको ढाँचा
## (नियम ४ को उप नियम (२) संग सम्बन्धित)

| सि.नं | बाजेको नाम, थर | पति वा पत्नीको थाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेसा | सदस्यले लिन स्वीकार गरेको शेयर विवरण | | | सम्पर्क नं. | औठाछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |

**प्रमाणिकरण मिति : २०७६।०६।१०**

**आज्ञाले,**

**प्रमुख प्रशासकिय अधिकृत**

**मूल्य रु. १००/-**